जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २३५ ❑ २०८३ भाद्र २६ गते शुक्रबार ❑ Friday, 11 Sept. 2026 ❑ मूल्य ७ /-



भदौका दुई बाढी : एउटा सडकमा उर्लियो, अर्को नदीमा

✍ केदार खड्का

२

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

## प्रम बालेनको भ्रमण स्वीकृत



**दमक**/ सरकारले प्रधानमन्त्री बालेन्द्र शाहको अमेरिका भ्रमण स्वीकृत गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी हुन प्रधानमन्त्री शाहको नेतृत्वमा जाने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए । प्रधानमन्त्री शाह असोज ६ गते अमेरिका प्रस्थान गर्नेछन् । भ्रमण असोज ६ देखि १० गतेसम्म हुने प्रवक्ता पोखरेलले बताए । प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भई नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन् ।

## प्रधानमन्त्री राहतकोषमा करिब साढे १२ अर्ब

**दमक**/ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १२ अर्ब ४३ करोड ३३ लाख १० हजार ४१ रुपैयाँ जम्मा भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार आज (बिहीबार) बिहान ९ बजेसम्मको विवरणअनुसार विभिन्न नौवटा बैंकमा ९ अर्ब १४ करोड ३९ लाख ९८ हजार ५०३ मौज्दात छ ।

त्यस्तै, कोषका दुई वटा बैंकमा रहेको डलर खातामा दुई करोड १६ लाख ३७ हजार ६९१ अमेरिकी डलर जम्मा भएको छ । नेपाली रुपैयाँ र अमेरिकी डलरको मौज्दात जोड्दा कोषको कुल उपलब्ध रकम १२ अर्ब ४३ करोड ३३ लाख १० हजार ४१ पुगेको कार्यालयले जनाएको छ ।विवरणअनुसार भदौ २५ गते मात्रै नेपालीतर्फ १७ करोड २५ लाख ६९ हजार ६७५ र अमेरिकी डलरतर्फ २ लाख ७४ हजार ६२ डलर थप संकलन भएको छ । राहत कोषबाट केही दिन अघि रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत १ अर्ब निकासा गरिएको थियो ।

## झापामा लागूऔषधको व्यापकता

# तीन दिनमै सात कारोबारी पक्राउ

✍ पूर्वसन्देश समाचार

**दमक**/ भारतसँगको खुला सीमाका कारण झापा पछिल्लो समय लागूऔषध ओसारपसारको प्रमुख ट्रान्जिट बन्दै गएको देखिएको छ । सीमावर्ती क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीको निगरानी बढाइए पनि भारतबाट ब्राउन सुगरलगायत लागूऔषध भित्र्याउने क्रम रोकिएको छैन । पछिल्ला तीन दिनमा मात्रै झापाका विभिन्न स्थानबाट ब्राउन सुगरसहित सात जना पक्राउ परेका घटनाले कारोबारको फैलावट र नयाँ-नयाँ ओसारपसार शैलीप्रति सुरक्षा चुनौती थपिएको देखाएको छ ।

पक्राउ पर्नेमा झापाका युवादेखि भारतीय नागरिकसम्म छन् । कसैले शरीरमा लुकाएर, कसैले साइकलको सिटमुनि र कसैले पैदल सीमापार गर्दै लागूऔषध भित्र्याउने प्रयास गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । मेचीनगर, दमक, कनकाई र भद्रपुरका घटनाले लागूऔषधको कारोबार सीमावर्ती नाकामा मात्र सीमित नरही जिल्लाका विभिन्न बजारसम्म फैलिएको संकेत गर्छ । पछिल्लो घटनामा अर्जुनधारा-११ देउनिया टोलका २१ वर्षीय गोविन्द श्रेष्ठ र ३० वर्षीय कृष्णबहादुर प्रधान मेचीनगर-६ स्थित दुर्गा मन्दिर क्षेत्रबाट ११ ग्राम ६५० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ परे । त्यस्तै दमक-२ बाट भारतीय नागरिक मोहम्मद फिरोज र चन्द्रकुमार मण्डल ४१ ग्राम २३० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ परेका छन् । कनकाई-५ मा लेडिज साइकलको सिटमुनिको पाइपमा लुकाइएको १४ ग्राम ५० मिलिग्राम र भद्रपुर-३ मा भारतबाट पैदल आउँदै गरेका बिर्तामोडका जनक माझीको साथबाट १६ ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

झापामा लागूऔषध कारोबारको समस्या नयाँ भने होइन । जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा लागूऔषधसम्बन्धी २ सय ६ मुद्दा दर्ता भएका थिए भने ३ सय ३६ जना पक्राउ परेका थिए । त्यसमा १७ जना भारतीय नागरिक थिए ।

समस्या त्यसपछि झन् बढेको तथ्यांकले देखाउँछ । आर्थिक वर्ष २०८०/८१ मा झापामा लागूऔषधसम्बन्धी २ सय ९७ मुद्दा दर्ता भएका र ४ सय ६२ जना पक्राउ परेका थिए । तीमध्ये ४ सय २९ पुरुष र ३३ महिला थिए । सोही वर्ष जिल्ला अदालतमा लागूऔषधसम्बन्धी २ सय ५३ मुद्दा फछ्र्यौट भएका थिए ।

बरामद परिमाणले पनि कारोबारको आकार बढिरहेको संकेत गर्छ । प्रकाशित प्रहरी तथ्यांकअनुसार आव २०७९/८० मा झापाबाट १ हजार ५ सय ५८ दशमलव ४५९ ग्राम खैरो हेरोइन बरामद भएकोमा आव २०८०/८१ मा २ हजार १ सय ७४ दशमलव १९५ ग्राम पुगेको थियो । आव २०८१/८२ को सम्बन्धित अवधिसम्म २ हजार ४ सय ५ दशमलव १६५ ग्राम बरामद भएको जिल्ला प्रहरीको तथ्यांक उद्धृत गर्दै कान्तिपुरले जनाएको छ ।

बाँकी ४ पेजमा ▸▸

## उत्तरकुमार खत्री

### नेपाल सरकारको सचिव पदमा बढुवा



दमक । नेपाल सरकारका वरिष्ठ सहसचिव उत्तरकुमार खत्री सचिव (विशिष्ट श्रेणी)मा बढुवा भएका छन् ।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले खत्रीलाई सचिव पदमा बढुवा गरेको हो । भोजपुरको तत्कालिन प्याउली गाउ पञ्चायतमा जन्मिएका खत्री स्थानीय श्री शारदा माविबाट एसएलसी उत्तीर्ण गरेपछि झापाको दमकस्थित दमक क्याम्पसमा २ वर्षको अध्यायन पछि राजधानीमा उच्च शिक्षा हासिल गरेका हुन् । उनले नेपाल सरकारका विभिन्न पदमा रही कार्यकुशलताका साथ जिम्मेवारी निर्वाह गर्दै नेपाल सरकारको विशिष्ट श्रेणीमा बढुवा भएका खत्री लगभग १ वर्ष झापा जिल्लाको प्रमुख जिल्ला अधिकारीको कार्यभार सम्हालिसकेका हुन । सविच पदमा बढुवा भएका उत्तरकुमार खत्रीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालका लागि हाम्रो शुभकामना ।

## पाठ्यक्रम प्रारुप परिमार्जनका लागि सुझाव संकलन

**विराटनगर**/ शिक्षा तथा खेलकुद मन्त्रालयले गठन गरेको पाठ्यक्रम प्रारुप परिमार्जन कार्यदलले विराटनगरमा सुझाव संकलन गरेको छ ।

एभरेष्ट माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा पाठ्यक्रम विकास केन्द्रका निर्देशक गोपालनारायण श्रेष्ठले कार्यदलले देशभरका २८ जिल्लाबाट विभिन्न १२ विषयगत क्षेत्रमार्फत सुझाव संकलन गरिरहेको जानकारी दिए ।

कार्यदल २०८३ वैशाख ११ गतेको मन्त्रिस्तरीय निर्णयबाट गठन भएको हो। भौतिक उपस्थितिसँगै अनलाइन, ह्वाट्सएप र जुममार्फत पनि सुझाव संकलन भइरहेको केन्द्रले जनाएको छ। कार्यक्रममा प्रधानाध्यापक, विद्यालय सञ्चालक तथा विद्यार्थीले पाठ्यक्रम परिमार्जनसम्बन्धी सुझाव दिएका थिए।

## अस्पतालको गेटमै महिलाले जन्माइन् बच्चा

**राजविराज**/ पैसा अभावका कारण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेटबाहिर एक महिलाले बच्चा जन्माएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ । बुधबार राति करिब साढे २ बजे राजविराज-१४ पर्साहीकी बबिता पासवानले अस्पतालको गेटबाहिर सडकपेटीमै बच्चा जन्माएको बताइएको छ । घटनाप्रति अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जितकुमार झाले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै छानबिन समिति गठन गरी दोषी देखिए कारबाही गर्ने बताएका छन्। घटनाले सरकारी अस्पतालको सेवा-सुविधामाथि प्रश्न उठाएको छ ।

## उद्योगमन्त्रीमा दिपक शाह नियुक्त

**दमक**/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिपक शाह नियुक्त भएका छन् । मन्त्री गौरीकुमारी यादवले बिहीबार प्रधानमन्त्री बालेन शाहसमक्ष राजीनामा दिएपछि दिपक शाहको नाम सिफारिस भएको हो । सिफारिए भए लगत्तै राष्ट्रपति कार्यालयले शपथ तयारी गरेर राष्ट्रपति रामचन्द्र पौडेलले शितल निवासमा शपथ गराएका हुन । ग्याँसको विषयमा विवादित अभिव्यक्ति दिएर विवादमा तानिएकी मन्त्री यादवले राजीनामा दिएकी थिईन । खाना पकाउने ग्यासको चरम अभावपछि मन्त्री यादवको चर्को आलोचना हुँदै आएको थियो । यसैबीच, रास्वपा सांसद हरिमोहन भण्डारीले नागरिकलाई ग्याससमेत उपलब्ध गराउन नसक्नु लज्जाको विषय भएको भन्दै उद्योग समितिको सदस्यबाट नैतिकताका आधारमा राजीनामा दिने बताएका छन् ।

## धनकुटामा १ हजार २४० किलो गाँजासहित ट्रक बरामद

**धनकुटा**/ धनकुटाको साँगुरीगढी गाउँपालिका-७ फेदीबाट प्रहरीले १ हजार २४० किलो ६ सय ग्राम गाँजासहित ट्रक बरामद गरेको छ । कोशी लोकमार्गअन्तर्गत फेदीमा बुधबार राति करिब ११ बजे संयुक्त चेकिङका क्रममा धनकुटाबाट भेडेटारतर्फ जाँदै गरेको ना.४ ख ५२७ नम्बरको ट्रकलाई प्रहरीले रोक्न खोजेको थियो। ट्रक रोक्न खोज्दा चालकले हाम फालेर फरार भएका थिए । शंकास्पद ट्रक जाँच गर्दा लुकाएर राखिएको अवस्थामा ठूलो परिमाणमा गाँजा फेला परेको प्रहरीले जनाएको छ । ट्रक र गाँजा नियन्त्रणमा लिएर फरार चालकको खोजी भइरहेको छ भने घटनाबारे थप अनुसन्धान जारी छ ।

## मार्बलले थिच्दा भद्रपुरमा मजदुरको मृत्यु

**भद्रपुर**/ भद्रपुरमा निर्माणाधीन भवनमा मार्बल अनलोड गर्ने क्रममा थिचिएर एक जना कामदारको मृत्यु भएको छ । मृत्यु हुनेमा काठमाडौं महानगरपालिका-३२, कोटेश्वरस्थित राममन्दिर बस्ने ३१ वर्षीय राजेन्द्र खड्का रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भद्रपुर नगरपालिका-५ स्थित सूर्य प्लाइउड फ्याक्ट्रीमा निर्माण भइरहेको नयाँ भवनमा मार्बल अनलोड गर्ने क्रममा दुर्घटना भएको हो ।

भवनमा प्रयोगका लागि ल्याइएको मे १ ज २२१८ नम्बरको बोलेरो पिकअपबाट मार्बल झार्ने क्रममा खड्कालाई मार्बलले थिचेको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका खड्कालाई उपचारका लागि ओमसाई पाथिभरा अस्पताल, भद्रपुर लगिएको थियो । अस्पताल पुर्‍याएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। घटनाको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले जानकारी दिए ।

# आत्महत्या रोकथाममा दमक नपाको सजनचेतना



**दमक**/ आत्महत्या रोकथामसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले दमकमा विद्यार्थीको र्‍यालीसहित विश्व आत्महत्या रोकथाम दिवस मनाइएको छ । ‘आत्महत्या रोगथामबारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं’ लेखिएको ब्यानरसहित दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराई प्रसाईंको नेतृत्वमा नगरपालिकाको स्वास्थ्य शाखाले र्‍याली तथा सचेतनामूलक कार्यक्रम आयोजना गरेको हो ।

विद्यार्थी तथा सरोकारवालाको सहभागितामा भएको र्‍यालीले आत्महत्या रोकथामका लागि समयमै मानसिक स्वास्थ्य समस्या पहिचान, परिवारमा खुलेर संवाद र आवश्यक परामर्श तथा उपचारको पहुँच विस्तार गर्नुपर्ने सन्देश दिएको छ । नगरपालिकाले विद्यालय तहबाटै मानसिक स्वास्थ्यसम्बन्धी सचेतना

बाँकी ४ पेजमा ▸▸

# आज कुसे औंसी तथा बाबुको मुख हेर्ने दिन



*__दमक__/ भाद्र कृष्ण औंसी अर्थात् कुशे औंसी तथा बुबाको मुख हेर्ने दिन आज दमकसहित देशभर धार्मिक श्रद्धा र पारिवारिक संस्कारका साथ मनाइँदैछ । यस अवसरमा छोराछोरीले बुबाको पूजा गरी आशीर्वाद लिने तथा दिवंगत पितृको सम्झनामा तर्पण, श्राद्ध र दान गर्ने परम्परा छ । यस दिन घरमा वर्षभरि देव तथा पितृकार्यमा प्रयोग गरिने पवित्र वनस्पति कुश भित्र्याउने चलन छ । सनातन परम्परामा कुशलाई भगवान् विष्णुको प्रतीक मानिन्छ। नुहाउने, दान, जप, होम, पूजा तथा पितृकार्यमा कुशको प्रयोग गरिने भएकाले यसको विशेष महत्त्व रहेको धार्मिक मान्यता छ ।*

*ज्योतिषाचार्य तथा वास्तुविद् दुलालका अनुसार कुश धार्मिक कार्यमा मात्र नभई आयुर्वेदिक दृष्टिले पनि उपयोगी वनस्पति मानिन्छ । कुशको जरा तथा पात विभिन्न परम्परागत उपचारमा प्रयोग हुने उल्लेख पाइन्छ ।*

*कुशे औंसीका दिन झापाका विभिन्न शिवालय, शक्तिपीठ तथा नदी-तीर्थस्थलमा समेत भक्तजनको चहलपहल बढ्ने गर्छ । जिल्लाको प्रमुख धार्मिकस्थलका रूपमा रहेको अर्जुनधारा जलेश्वर धाममा यस दिन विशेष धार्मिक गतिविधि हुने गर्छ । अर्जुनधारा क्षेत्रमा रहेको पवित्र जलधारा र शिव मन्दिरका कारण यो स्थल झापासहित पूर्वी नेपालका श्रद्धालुको आस्थाको केन्द्र मानिन्छ ।*

*त्यस्तै, कन्काई माई धाम झापाको अर्को महत्वपूर्ण धार्मिकस्थल हो । कन्काई नदीसँग जोडिएको यस क्षेत्रमा पितृकार्य, स्नान तथा पूजा-आराधनाका लागि*

बाँकी ४ पेजमा ▸▸

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## पदीय मर्यादा र आचरण

कटका बेला राज्यका जिम्मेवार पदमा रहेका व्यक्तिको एउटा अभिव्यक्तिले राहत र उद्धारको कामलाई बल दिन सक्छ, पीडितलाई भरोसा दिन सक्छ । तर त्यही अभिव्यक्ति असंवेदनशील, उत्तेजक वा धम्कीपूर्ण भयो भने त्यसले सरकारप्रतिको विश्वास कमजोर पार्न सक्छ । पछिल्ला घटनाक्रमले पदीय मर्यादामा रहेका व्यक्तिका बोली र व्यवहारकै कारण सरकार तथा संसद् विवादमा तानिने र सार्वजनिक बहस गलत दिशातर्फ मोडिने अवस्था देखाएको छ ।

भोटेकोशीमा आएको भीषण बाढीबाट धनजनको ठूलो क्षति भएका बेला राज्यको पहिलो दायित्व प्रभावित नागरिकको उद्धार, उपचार, राहत र बेपत्ताको खोजी गर्नु हो । विपत्तिमा आफन्त गुमाएका परिवारले सरकारसँग सहयोग र अभिभावकत्व खोजिरहेका हुन्छन् । यस्तो अवस्थामा राज्यका जिम्मेवार व्यक्तिबाट आउने हरेक शब्द पीडितको मनोविज्ञानसँग जोडिन्छ । त्यसैले सार्वजनिक पदमा रहेका व्यक्तिको बोली सामान्य राजनीतिक अभिव्यक्ति मात्र रहँदैन । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवको पछिल्लो अभिव्यक्तिले पनि यही प्रश्न उठाएको छ । संघीय संसद्अन्तर्गतको उद्योग समितिको बैठकमा बोल्दै उनले ग्यास उद्योगीले सरकार र नेपाल आयल निगमलाई अटेरी गरेको भन्दै आवश्यक परे देशमा सञ्चालित सबै ५८ ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्ने बताइन् । पैसा तिरेर पनि उपभोक्ताले ग्यास नपाउनु लज्जाजनक भएको बताउँदै उनले काठमाडौंका लागि पठाइएका हजारौं सिलिन्डर बजारमा नपुगी बाटैबाट हराउने गरेको दाबीसमेत गरिन् ।

'हाम्रो जस्तो देशमा दुईवटाभन्दा बढी ग्यास उद्योग चाहिएकै छैन, धेरैमा दुईटा भए पुग्छ, सबै खारेज गर्नुपर्छ,' मन्त्री यादवले समितिको बैठकमा भनिन् । उनका अनुसार काठमाडौंका लागि पठाइएका ४८ हजार सिलिन्डरमध्ये उपभोक्ताले १९(२० हजारभन्दा बढी नपाएको र बाँकी सिलिन्डर कहाँ गए भन्ने आफूलाई थाहा नभएको बताइन् । उद्योगीमाथि कारबाहीको चेतावनी दिनु सरकारको अधिकारभित्र पर्न सक्छ । तर संकटको समयमा तथ्य, प्रमाण र कानुनी प्रक्रियाभन्दा अघि बढेर गरिने सार्वजनिक टिप्पणीले समस्या समाधानभन्दा विवाद निम्त्याउने जोखिम हुन्छ । यस्तै, विपत्तिमा परेका नागरिकका विषयमा जनप्रतिनिधि तथा सार्वजनिक व्यक्तिबाट आउने असंवेदनशील टिप्पणीले पीडितको घाउमा नुन छर्किन सक्छ । लास घरघरमा पुर्‍याउने र फ्रिजमा सजाएर राख्ने आशयका अभिव्यक्ति हुन् वा सामाजिक सञ्जालमा पीडित र सहयोग माग्ने आफन्तमाथि गरिने तुच्छ, अपशब्दपूर्ण टिप्पणी(यस्ता व्यवहारले संकटमा समाजलाई थप विभाजित बनाउँछन् ।

लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता महत्त्वपूर्ण अधिकार हो । तर स्वतन्त्रताको अर्थ अरुको पीडा, प्रतिष्ठा र अधिकारमाथि जथाभावी प्रहार गर्ने छुट भने होइन । सार्वजनिक पदमा रहेका व्यक्तिका लागि त अभिव्यक्ति स्वतन्त्रतासँगै थप जिम्मेवारी जोडिन्छ । संसद् नीति, कानुन र जनताको समस्या समाधान गर्ने थलो हो, आक्रोश प्रदर्शन गर्ने रंगमञ्च होइन । जनप्रतिनिधिले सुरक्षा निकायलाई हप्काउने, स्थानीय तहसँग पौठेजोरी खेल्ने वा एकअर्कामाथि आरोप(प्रत्यारोप गर्नेभन्दा संकटका बेला राज्य संयन्त्रलाई प्रभावकारी बनाउन भूमिका खेल्नुपर्ने हुन्छ । जनता अहिले भाषण होइन, उद्धार, राहत, न्याय र सुशासन खोजिरहेका छन् । त्यसैले सार्वजनिक पदमा बसेकाहरुले बोलीमा संयमता र व्यवहारमा जिम्मेवारी देखाउने समय यही हो । 'रिल' जीवनमा दुई घण्टामा दृश्य सकिएला, तर 'रियल' जीवनमा सार्वजनिक पदाधिकारीको एउटा बोलीले लामो समयसम्म प्रभाव पार्न सक्छ । त्यसैले माननीयहरुले नाटक होइन, नीति बनाउने, कानुन बनाउने र त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्न जरूरी छ । संकटमा सरकारको शक्ति धम्कीमा होइन, जिम्मेवार निर्णय र पीडित नागरिकको पक्षमा उभिने व्यवहारमा देखिनुपर्छ ।

# भदौका दुई बाढी : एउटा सडकमा उर्लियो, अर्को नदीमा



✍ केदार खड्का

**राष्ट्रिय स्वाभिमानको अर्थ बाह्य सहयोग अस्वीकार गर्नु मात्र होइन । स्वाभिमान भनेको संकटको नेतृत्व आफैँ गर्ने र आवश्यक विशेषज्ञता, प्रविधि, उपकरण तथा अनुभव जहाँबाट उपलब्ध हुन्छ, त्यसलाई राष्ट्रिय हितमा शीघ्र उपयोग गर्ने क्षमता पनि हो । नेपालले भविष्यका विपतका लागि यही व्यावहारिक दृष्टिकोण विकास गर्नुपर्छ ।**

जनताको आवाज नसुन्दा आन्दोलन बन्छ, प्रकृतिको चेतावनी नसुन्दा विपत् बन्छ, दुवैबाट सिक्न सक्दा संकट नै राष्ट्र रूपान्तरणको पानीढलो बन्न सक्छ

नेपालको पछिल्लो एक वर्षलाई केवल सरकार परिवर्तन, निर्वाचन र एउटा विनाशकारी बाढीका अलग-अलग घटनाका रूपमा बुझ्ने हो भने हामीले यसको गहिरो राष्ट्रिय सन्दर्भ छुटाउन सक्छौँ । ०८२ भदौ २३ देखि ०८३ भदौ १० सम्मको समयलाई एउटै ऐतिहासिक 'फ्रेम'मा राखेर हेर्दा नेपालले एक असाधारण राजनीतिक रूपान्तरण र त्यसलगत्तै राज्यको क्षमता परीक्षण गर्ने प्राकृतिक विपत् भोगेको देखिन्छ । प्रतीकात्मक रूपमा भन्ने हो भने नेपालले एक वर्षभित्र दुईवटा बाढी देख्यो । पहिलो- जनताको बाढी, दोस्रो- प्रकृतिको बाढी । पहिलो सडकमा उर्लियो, दोस्रो नदीमा । पहिलोले राजनीतिक सत्ता र पुरानो राजनीतिक संस्कारलाई हल्लायो, दोस्रोले सडक, पुल, बस्ती, जलविद्युत् र हाम्रो विकास तथा विपत् व्यवस्थापनको सोचमाथि कठोर प्रश्न गर्‍यो ।

जेन-जी आन्दोलन अचानक जन्मिएको असन्तुष्टि थिएन । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन आक्रोशको कारण बने पनि त्यसको पछाडि भ्रष्टाचार, राजनीतिक बेथिति, अवसरको अभाव, बेरोजगारी र राज्यप्रतिको बढ्दो असन्तुष्टिजस्ता प्रश्न लामो समयदेखि थिग्रिरहेका थिए । आन्दोलनले पुरानो राजनीतिक नेतृत्वप्रति गहिरिँदै गएको पुस्तागत असन्तुष्टिलाई सडकमा अभिव्यक्त गर्‍यो र अन्ततः तत्कालीन सरकारलाई संकटमा पुर्‍याउँदै सत्ता परिवर्तनको बाटो खोल्यो । यसले नेपालको राजनीतिमा एउटा निर्णायक प्रश्न स्थापित गर्‍यो- जनताको बदलिँदो अपेक्षालाई पुरानै राजनीतिक शैलीले कति समयसम्म धान्न सक्छ ?

त्यसपछि आन्दोलनको असन्तुष्टि मतपत्रमा कसरी रूपान्तरण हुन्छ भन्ने प्रश्न उठ्यो । आयोजक नखुलेको २३ भदौको जेन-जी आन्दोलन र प्रायोजक नखुलेको २४ भदौको विध्वंस आफैँमा कुनै दलको चुनावी अभियान थिएन । तर, त्यसले जन्माएको राजनीतिक मनोविज्ञानले निर्वाचनलाई गहिरो रूपमा प्रभावित गर्‍यो । राष्ट्रिय स्वतन्त्र पार्टी -रास्वपा) ले अभूतपूर्व जनादेश प्राप्त गर्‍यो र बालेन्द्र शाह नयाँ राजनीतिक शक्तिको केन्द्रमा उदाए । काठमाडौं महानगरका पूर्वप्रमुख शाहको नेतृत्वमा रास्वपाले प्राप्त गरेको ठूलो विजयलाई केवल एउटा नयाँ दलको चुनावी सफलता मात्र मान्न सकिँदैन । यसलाई स्थापित राजनीतिक शक्तिप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक पुस्ताप्रतिको अपेक्षाको अभिव्यक्तिका रूपमा पनि हेर्न सकिन्छ ।

बालेन प्रधानमन्त्री बनेसँगै सडकमा उठेको राजनीतिक प्रश्न मतपत्र हुँदै सिंहदरबारसम्म पुग्यो । यसले नेपालको लोकतान्त्रिक राजनीतिमा पुस्तान्तरण र राजनीतिक संस्कार परिवर्तनको सम्भावनालाई नयाँ बहसको केन्द्रमा ल्यायो । तर, सत्ता परिवर्तन र राज्य परिवर्तन एउटै कुरा होइन । आन्दोलनले सरकार परिवर्तन गर्न सक्छ, निर्वाचनले नेतृत्व परिवर्तन गर्न सक्छ, तर राज्यको प्रशासनिक संस्कृति, निर्णय प्रक्रिया, संस्थागत क्षमता र संकट व्यवस्थापनको शैली बदल्न अझ कठिन हुन्छ । त्यसैले, नयाँ सरकारसँग जनताको अपेक्षा केवल नयाँ अनुहार हेर्ने होइन, नयाँ परिणाम अनुभव गर्ने हो ।

यही पृष्ठभूमिमा भोटेकोशीको विनाशकारी बाढी आयो । रसुवा, नुवाकोटलगायत क्षेत्रमा आएको बाढीले बस्ती, सडक, पुल, विद्युत् आयोजना र अन्य महत्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुर्‍यायो । मानवीय क्षतिको आकार भयावह छ र हजारौं मानिस अझै सम्पर्कविहीन रहेका 'रिपोर्ट' आएका छन् । जलविद्युत् आयोजनाका सुरूङ तथा अन्य संरचनामा फसेका वा सम्पर्कविहीन भएका कामदारको उद्धार अझै चुनौतीपूर्ण छ । पछिल्ला रिपोर्टअनुसार ठूलो संख्यामा जलविद्युत् कामदार प्रभावित वा सम्पर्कविहीन हुन सक्ने देखिएको छ र उद्धारका लागि नेपाली सुरक्षा निकायसँगै विदेशी प्राविधिक टोली पनि परिचालित छन् ।

तर, विपतको वास्तविक कथा केवल क्षतिको अंकमा छैन । त्यहाँ बाँचेकाहरूको पीडा, आफन्त खोजिरहेका परिवारको बेचैनी र उद्धारको प्रतीक्षामा बसेका नागरिकको प्रश्नमा छ । क्षतिग्रस्त सडक र पुल, अवरूद्ध सञ्चार, कठिन भूगोल र जोखिमपूर्ण नदीका कारण उद्धार तथा राहत कार्य जटिल बनेको छ । यस्तो अवस्थामा स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक, समुदाय र केन्द्र सरकारबिचको समन्वय नै राज्यको वास्तविक क्षमता मापन गर्ने आधार बन्छ।

यही ठाउँमा सरकारको संकट व्यवस्थापन क्षमतामाथि प्रश्न उठ्छ । विपतको पहिलो घडीमा राज्यको प्राथमिकता स्पष्ट हुनुपर्छ- मानिसको जीवन बचाउने, सबै उपलब्ध राष्ट्रिय स्रोत परिचालन गर्ने, स्थानीय संयन्त्रलाई तत्काल साधन र अधिकार दिने तथा आवश्यक परे बाह्य प्राविधिक क्षमता पनि शीघ्र परिचालन गर्ने । अन्तर्राष्ट्रिय सहयोग स्वीकार गर्नु राष्ट्रिय कमजोरी होइन, असाधारण विपतमा उपलब्ध सबै क्षमतालाई राष्ट्रिय नेतृत्वमा परिचालन गर्नु राज्यको जिम्मेवारी हो ।

यस विपतमा विदेशी विशेषज्ञताको प्रश्न पनि महत्वपूर्ण बनेको छ । खोज तथा उद्धारका लागि प्रारम्भिक चरणमा बाह्य सहयोग परिचालन गर्ने विषयमा सावधानी देखिए पनि पछि भारत, चीन र अन्य देशका विशेषज्ञ तथा प्राविधिक सहयोग परिचालन गरिएको छ । सुरूङ उद्धारका लागि भारत र चीनका विशेष टोली नेपाली संयन्त्रसँग सहकार्यमा परिचालित भएका छन् । यसले एउटा महत्वपूर्ण नीतिगत प्रश्न उठाएको छ- संकटको आकारअनुसार अन्तर्राष्ट्रिय सहयोगको ढोका कति छिटो खोल्ने ?

राष्ट्रिय स्वाभिमानको अर्थ बाह्य सहयोग अस्वीकार गर्नु मात्र होइन । स्वाभिमान भनेको संकटको नेतृत्व आफैँ गर्ने र आवश्यक विशेषज्ञता, प्रविधि, उपकरण तथा अनुभव जहाँबाट उपलब्ध हुन्छ, त्यसलाई राष्ट्रिय हितमा शीघ्र उपयोग गर्ने क्षमता पनि हो । नेपालले भविष्यका विपतका लागि यही व्यावहारिक दृष्टिकोण विकास गर्नुपर्छ ।

सञ्चारमाध्यमको भूमिका पनि यस विपतमा उत्तिकै महत्वपूर्ण रह्यो । नेपाली तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले क्षतिको भयावह तस्बिर, बेपत्ता मानिसका परिवारको पीडा, जलविद्युत् आयोजनाका सुरूङमा फसेका कामदार र उद्धारको कठिनाइलाई सार्वजनिक गरेका छन् । तर, राष्ट्रिय विपतमा सञ्चारमाध्यमको भूमिका केवल 'कति मानिसको ज्यान गयो ?' भनेर संख्या गन्ने वा सनसनी फैलाउने हुनुहुँदैन । पत्रकारिताले हराइरहेका मानिसको पहिचान, परिवारको पीडा, उद्धारको वास्तविक अवस्था, राहत कहाँ पुग्यो वा पुगेन, सरकारी निर्णय किन ढिलो भयो र जिम्मेवारी कसको हो भन्ने प्रश्न पनि सोध्नुपर्छ । विपतमा सही सूचना स्वयं राहतको एउटा रूप हो भन्ने हेक्का राख्नुपर्छ ।

यस विपतले अर्को गम्भीर प्रश्न पनि उठाएको छ - हामीले विकासलाई कसरी बुझिरहेका छौँ ? जलविद्युत्, सडक, पुल र व्यापारिक पूर्वाधार नेपालका लागि अपरिहार्य छन् । तर, जोखिमको वैज्ञानिक मूल्यांकन, नदीको व्यवहार, हिमाली भूगोल, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँच र संरचनाको संकट सामना गर्न सक्ने क्षमतालाई विकासको लागतमा समावेश नगर्ने हो भने आजको विकास भोलिको जोखिम बन्न सक्छ । हालैको बाढीले नेपालका जलविद्युत् संरचनाको जोखिमलाई विशेष रूपमा उजागर गरेको छ । हामीले अब विकासको परिभाषामै एउटा कुरा थप्नुपर्छ- मेगावाट थप्नु विकास हो । तर, त्यसलाई सुरक्षित बनाउनु पनि विकास नै हो । सडक बनाउनु विकास हो । तर, विपतमा पनि सञ्चालन गर्न सकिने सडक बनाउनु अझ ठूलो विकास हो । पुल निर्माण गर्नु विकास हो । तर, चरम प्राकृतिक जोखिम सहन सक्ने पुल निर्माण गर्नु जिम्मेवार विकास हो ।

यी दुई घटनाबिच कुनै वैज्ञानिक वा दैवी कारण-सम्बन्ध खोज्नु आवश्यक छैन । तर, इतिहासको प्रतीकात्मक भाषामा हेर्दा तिनले असाधारण समानता देखाउँछन् । करिब एक वर्षको अन्तरमा दुवै घटना भदौमै भए । एउटा मानिसको भिड बाढीजस्तै सडकमा उर्लियो, अर्को नदीको पानी बाढीजस्तै बस्ती र संरचनातर्फ उर्लियो । एउटा पुरानो राजनीतिक संरचनामाथि प्रहार थियो, अर्को कमजोर पूर्वाधार, जोखिम व्यवस्थापन र राज्यको संकट-तयारीमाथि प्रश्न । एउटा सडकको आक्रोशबाट मतपत्रको जनादेशमा बदलियो, अर्को विपतबाट नयाँ विकास र सुरक्षा नीतिको मागमा बदलिनुपर्ने अवस्था आयो ।

त्यसैले, आजको नेपाललाई केवल 'बालेनको सरकार' वा 'रसुवाको बाढी' भनेर अलग-अलग बुझ्नु पर्याप्त हुँदैन । यी एउटै संक्रमणकालका दुई अध्याय हुन् । जेन-जी आन्दोलनले राज्यलाई जनताको आवाज सुन्न बाध्य बनायो । रास्वपाको ठूलो जनादेशले त्यो असन्तुष्टिलाई राजनीतिक वैधतामा रूपान्तरण गर्‍यो । बालेन शाहको नेतृत्वमा बनेको सरकारले नयाँ राजनीतिक प्रयोगको जिम्मेवारी पाएको छ । अनि, बाढीले त्यही नयाँ राजनीतिक जनादेशलाई अर्को कठोर प्रश्न सोध्यो- अब संकटमा कस्तो राज्य देखिन्छ ?

यहीँबाट सरकारको वास्तविक परीक्षा सुरु हुन्छ । पीडितले राहत कति छिटो पाउँछन् ? बेपत्ताको खोजी कति वैज्ञानिक र व्यवस्थित हुन्छ ? शवको पहिचान र परिवारलाई सम्मानजनक जानकारी कसरी दिइन्छ ? विदेशी उद्धार विशेषज्ञ वा प्राविधिक सहयोग आवश्यक पर्दा कति छिटो बोलाइन्छ ? स्थानीय सरकारलाई कति अधिकार, स्रोत र उपकरण दिइन्छ ? जलविद्युत् र अन्य पूर्वाधारको जोखिम पुनर्मूल्यांकन हुन्छ कि हुँदैन ? र, सबैभन्दा महत्वपूर्ण, विपतपछि फेरि उही ठाउँमा उही जोखिम दोहोरिने गरी पुनर्निर्माण हुन्छ त ?

नयाँ सरकारका लागि यो केवल राहत र उद्धारको प्रश्न होइन, शासनको विश्वसनीयताको प्रश्न हो । जनताले नयाँ राजनीतिक शक्ति रोज्दा उनीहरूले भ्रष्टाचारविरूद्धको नारा मात्र रोजेका होइनन्, उनीहरूले सक्षम राज्य, छिटो निर्णय, जवाफदेही प्रशासन र परिणाममुखी शासनको अपेक्षा गरेका हुन् । विपत् त्यही अपेक्षाको सबैभन्दा कठोर परीक्षा हो ।

पहिलो, जेन-जी आन्दोलनले एउटा कुरा प्रमाणित गर्‍यो, जनताको असन्तुष्टिलाई लामो समयसम्म बेवास्ता गर्न सकिँदैन । दोस्रो, बाढीले अर्को कुरा देखायो- प्रकृतिको जोखिमलाई विकासको उत्साहले बेवास्ता गर्न सकिँदैन । पहिलोमा जनता बोले । दोस्रोमा प्रकृति बोल्यो । अब राज्यले जवाफ दिनुपर्ने वेला आएको छ ।

नेपालको वास्तविक परिवर्तन अब सत्ता कसले पायो भन्नेबाट मात्र मापन हुनेछैन, सत्ता पाएपछि नागरिकको जीवन कति सुरक्षित, सम्मानित र सहज भयो भन्नेबाट मापन हुनेछ । पहिले जनता उर्लिए । त्यसपछि मत उर्लियो । बालेन सिंहदरबार पुगे । अनि नदी उर्लियो । अब इतिहासको प्रश्न सरल छ - के नयाँ राजनीतिक जनादेशले पुरानो राज्य संस्कार बदल्न सक्छ ? किनकि, जनताको आवाज नसुन्दा आन्दोलन बन्छ, प्रकृतिको चेतावनी नसुन्दा विपत् बन्छ । तर, दुवैबाट सिक्न सकियो भने संकट नै राष्ट्र रूपान्तरणको पानीढलो बन्न सक्छ ।

(खड्का सुशासन अभियन्ता हुन्)

\- नयाँपत्रिका

# धर्मसंस्कृति

## शुक्रबार के गर्दा शुभ मानिन्छ?



काठमाडौं । हिन्दु धर्मशास्त्र र ज्योतिष परम्परामा सातै बारको आˆ नै महत्व हुने मान्यता छ । शुक्रबारलाई शुक्र ग्रहसँग सम्बन्धित दिनका रूपमा लिइन्छ । यस दिन लक्ष्मी, सन्तोषी माता, वैभवलक्ष्मी, अन्नपूर्णेश्वरी, दुर्गा भवानी तथा महाकालीको पूजा-आराधना गर्ने परम्परा छ ।

ज्योतिषशास्त्रअनुसार शुक्रबार गायन, संगीत, मणि-रत्न तथा हिरा खरिद, सुगन्धित वस्तु र वस्त्रको कारोबार, अलंकार, व्यापार(वाणिज्य, गाईबस्तुको किनबेच तथा द्रव्य सञ्चयजस्ता काम शुभ मानिन्छन् । कृषि कार्यका लागि पनि शुक्रबार अनुकूल हुने धार्मिक विश्वास छ । शुभकार्य गर्दा दिन, बार, नक्षत्र र राशिको समेत विचार गर्ने परम्परा हिन्दु समाजमा रहँदै आएको छ ।

शुक्रबार विशेषगरी लक्ष्मीको पूजा तथा व्रत बस्ने चलन छ । आर्थिक समृद्धि र घरमा सुख-शान्ति कायम हुने विश्वासमा यस दिन सेतो वस्त्र लगाउने, घरमा खीर बनाएर गरिब तथा असहायलाई बाँड्ने गरिन्छ । सन्तोषी माताको व्रत बस्दा मनोकांक्षा पूरा हुने र पारिवारिक सुख-शान्ति प्राप्त हुने धार्मिक विश्वास छ । व्रतमा चना र सख्खर फलाहारका रूपमा प्रयोग गर्ने तथा अमिलो पदार्थ नखाने परम्परा छ ।

शुक्र ग्रह प्रतिकूल रहेको अवस्थामा शुक्रबार व्रत बस्ने र शुक्रसँग सम्बन्धित वस्तु दान गर्ने ज्योतिषीय मान्यता छ । सेतो घोडा, रेशमी तथा रंगीन वस्त्र, घिउ, चिनी, खाद्य तेल, चन्दन, कपुर तथा सुगन्धित वस्तु दान गर्दा ग्रहदशामा सुधार आउने विश्वास गरिन्छ ।

यसैगरी शुक्रबार महाकालीको पूजा तथा साधनालाई पनि प्रभावकारी मानिन्छ । धार्मिक परम्पराअनुसार स्वच्छ स्थानमा महाकालीको मूर्ति वा तस्बिर राखी पूजा गर्ने, तिलको टीका र फूल चढाउने तथा 'ॐ क्रिं कालिकायै नमः' र 'ॐ कपालिन्यै नमः' मन्त्र १०८ पटक जप गर्ने चलन छ । श्रद्धाअनुसार भोग चढाएर पूजा सम्पन्न गर्ने गरिन्छ ।

ज्योतिषशास्त्रलाई वेदको आँखाका रूपमा व्याख्या गर्ने धार्मिक परम्परा छ । त्यसैले कुनै पनि शुभकार्यअघि गणेशको पूजा गरी उपयुक्त दिन र समय विचार गरेर काम सुरू गर्दा सफलता प्राप्त हुने विश्वास गरिन्छ ।

## रामप्रसाद राई गापाका अध्यक्षसहित चार जनालाई स्पष्टीकरण

झापा । पार्टीविरोधी गतिविधिमा संलग्न भएको आरोपमा नेपाली कम्युनिस्ट पार्टी -नेकपा) भोजपुरले रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईसहित चार जनप्रतिनिधिलाई सातदिने स्पष्टीकरण सोधेको छ ।

रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राई, भोजपुर नगरपालिका-१ का वडाध्यक्ष जिरामणि राई, टेम्केमैयुङ गाउँपालिका-९ का वडाध्यक्ष नभराज राई र षडानन्द नगरपालिका-३ का वडाध्यक्ष साङ्देम्बा राईलाई स्पष्टीकरण सोधिएको हो । उनीहरूलाई पार्टी जिल्ला कमिटीले स्पष्टीकरण सोधेको हो ।

जिल्ला समिति संयोजक शरणकुमार तामाङ -रविन)ले हस्ताक्षर गरेको पत्रमा उनीहरूमाथि पार्टी र मतदाताविरूद्ध सामाजिक सञ्जालमा अभिव्यक्ति दिएको, पार्टीका बैठक तथा कार्यक्रममा सहभागी नभएको, अन्य राजनीतिक दलको प्रचार र गोप्य बैठकमा सहभागी भएको तथा गत फागुनको निर्वाचनमा आˆ नै दलका उम्मेदवारलाई हराउन अर्को दललाई सहयोग गरेकोलगायतका आरोप लगाइएको थियो ।

स्रोतका अनुसार चारै जनाले पार्टी छाड्ने र श्रम संस्कृति पार्टीमा प्रवेश गर्ने तयारी गरिरहेको जनाएको छ । स्पष्टीकरण सोधिएका रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले भने आफूले भदौ १४ गते प्राप्त गरेको स्पष्टीकरणसम्बन्धी पत्र अध्ययन गर्दा त्यसमा उल्लेख गरिएका विषय र लगाइएका आरोप तथा सोधिएको स्पष्टीकरणको प्रक्रिया पार्टीको विधान, विधि र स्थापित संगठनात्मक प्रक्रियासम्मत नदेखिएको दाबी गरेका छन् ।

अध्यक्ष राईले आफूमाथि लगाइएका आरोपहरु तथ्य, प्रमाण र यथार्थमा आधारित नभएको दाबी गरेका छन् । संयोजक तामाङले आफूमाथि आरोप लगाउन मात्रै पर्याप्त नहुने भन्दै त्यसको पुष्टि हुने तथ्य र प्रमाणसमेत प्रस्तुत गर्नुपर्ने उनको भनाइ छ । सोधिएका प्रश्नको चित्तबुझ्दो जवाफ नआए पार्टी विधानअनुसार थप कारबाही प्रक्रिया अघि बढाउने नेकपाले जनाएको छ ।

लेटरप्याड भने नेकपा -माओवादी) केन्द्रको

यसैबिच नेकपा भोजपुरले अध्यक्षसहित तीन जना वडाध्यक्षलाई स्पष्टीकरण सोधे पनि उक्त पत्रमा प्रयोग गरिएको लेटरप्याडलाई लिएर भने प्रश्न उठेको छ ।

## लगनशिल कृषि सहकारीको वार्षिक प्रतिवेदन सार्वजनिक




कमल/ झापाको कमल-५ स्थित लगनशिल कृषि सहकारी संस्थाले १९ औं वार्षिक साधारण सभाका लागि प्रतिवेदन सार्वजनिक गरेको छ । संस्थाको कार्यालयमा एक संक्षिप्त कार्यक्रम गरी अध्यक्ष गोविन्द खनाल, संस्थापक अध्यक्ष अम्बर बहादुर कार्की, पूर्व अध्यक्ष नरेन्द्र बहादुर कार्की, लेखा सुपरिवेक्षण समिति संयोजक युवराज कार्की, स्थानीय सामाजिक अगुवा भोजकुमार घिमिरे, सल्लाहकार गीता गजुरेल, संस्थाका कार्यसमिति सदस्य, उपसमिति सदस्य लगायतले संयुक्त रूपमा प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

लगनशिल सहकारीको १९ औं वार्षिक साधारण सभा आगामी असोज ६ गते स्थानीय रोडस्टार पाटी प्यालेसमा हुँदैछ । सार्वजनिक गरिएको प्रतिवेदनअनुसार संस्थामा १ हजार ६४९ शेयर सदस्य रहेकोमा शेयर पुँजी तीन करोड एक लाख तीन हजार, निक्षेप २६ करोड ७१ लाख ८५ हजार ४०४ र कर्जा कारोबार २१ करोड १४ लाख ७ हजार ४८४ रूपैयाँ रहेको छ । संस्थाले दूध डेरी तथा किसानका लागि यूरिया, डीएपी लगायत मलको समेत कारोबार गर्दै आएको छ । मुख्य कार्यालय पाडाजुँगीबाहेक सो सहकारीको केर्खा र चुलाचुलीमा गरी दुई वटा शाखा रहेका छन् ।

साधारण सभामा संस्थामा उत्कृष्ट कारोबार गर्ने शेयर सदस्य तथा पशुपालक दुग्ध किसानहरूलाई समेत पुरस्कार र सम्मान प्रदान गरिने कार्यक्रम रहेको व्यवस्थापक तिलक कार्कीले जानकारी गराए ।

सो सहकारीले कमल गाउँपालिका र इलामको चुलाचुली गाउँपालिकाको वडा नं. ४ र ५ लाई कार्यक्षेत्र बनाई कारोबार, व्यापार र विविध सामाजिक कार्यहरू गर्दै आएको छ । संस्थाले शेयर सदस्यहरूको अधिकतम हितलाई ध्यानमा राखेर सहकारीको नीति, नियम, विधि र प्रकृयाअनुसार कार्य गर्दै आइरहेको त्यस अवसरमा जानकारी गराइयो ।

# प्याब्सन झापाको प्रतियोगितामा ६ हजारभन्दा बढी विद्यार्थी सहभागी




झापा । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल -प्याब्सन) झापाले ६०औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा जिल्ला स्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरेको छ । 'मानव, पृथ्वी र समृद्धिका लागि साक्षरता' भन्ने नारासहित शिवसताक्षी नगरपालिका-स्थित वाटर किङडम रिसोर्ट, झिलझिलेमा प्रतियोगिता आयोजना गरिएको हो ।

प्याब्सन झापाका अध्यक्ष छत्रबहादुर कार्कीको अध्यक्षता तथा शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्रा -रोशन)को प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकले स्वागत गरेका थिए । प्याब्सन कोशी प्रदेशका उपाध्यक्ष इशुभ पाण्डे, प्रदेश सचिव गौरीमान फागो, प्रदेश सदस्य ुव गौतम, जिल्ला सल्लाहकार प्रभुकुमार श्रेष्ठ, प्राज्ञिक सल्लाहकार जनार्दन ढकाल र पूर्व प्रदेश सदस्य अजय आले मगरलगायत सहभागी थिए ।

त्यस्तै एन प्याब्सन झापाका अध्यक्ष प्रेम लिम्बू, इष्टु झापाका अध्यक्ष होमराज खतिवडा, नेल्टा झापाका अध्यक्ष प्रकाश पराजुली तथा हिसान झापाका कार्यवाहक अध्यक्ष उत्तम खनाललगायतको उपस्थिति थियो ।

प्याब्सन झापाले शैक्षिक सत्र २०८३ का लागि अघिल्लो शैक्षिक सत्रमै शैक्षिक क्यालेन्डर प्रकाशन गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरेको थियो । सोही क्यालेन्डरअनुसार भदौ १३ गतेदेखि पालिका स्तरबाट सुरू भएको प्रतियोगिता जिल्ला स्तरीय कार्यक्रमसँगै सम्पन्न गरिएको प्याब्सन झापाले जनाएको छ ।

जिल्लाभर ११ वटा विभिन्न विधामा सञ्चालन गरिएको प्रतियोगितामा ६ हजारभन्दा बढी विद्यार्थी सहभागी भएका थिए । जिल्ला स्तरीय प्रतियोगिताअन्तर्गत कक्षा ६ देखि ८ सम्म हाजिरीजवाफ तथा कक्षा ९ र १० का लागि नेपाली र अंग्रेजी विषयमा आकस्मिक वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको थियो ।

प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीका अनुसार आकस्मिक वक्तृत्वकलामा सहभागी विद्यार्थीलाई विषय छनोटका लागि पाँच मिनेटको समय दिइएको थियो । विषय छनोट गरेको पाँच मिनेटपछि विद्यार्थीलाई तत्कालै वक्तृत्वकलामा सहभागी गराइएको थियो । यसले विद्यार्थीको उत्साह तथा प्रस्तुतिकरण क्षमता परीक्षण गर्न सहयोग पुगेको उनले बताए ।

यस वर्ष हाजिरीजवाफ प्रतियोगिताको मोडालिटीसमेत परिवर्तन गरी डिजिटल प्रविधिको प्रयोग गरिएको थियो । प्रतियोगितामा १५ विद्यालयका ३० विद्यार्थी सहभागी थिए । पहिलो चरणमा ३० वटा बहुवैकल्पिक प्रश्न सोधिएकोमा सात विद्यालय फाइनल चरणमा पुगेका थिए । फाइनलमा चारवटा राउन्ड सञ्चालन गरिएको थियो ।

हाजिरीजवाफतर्फ एरा एभरग्रिन अंग्रेजी माध्यमिक विद्यालय, बुद्धशान्ति प्रथम भयो । विद्यालयका सौगात कार्की र युसु नेपाल प्रथम भएका हुन् । गोलधाप सनसाइन अंग्रेजी माध्यमिक विद्यालय, हल्दिबारी द्वितीय तथा सेन्ट पल्स एकाडेमी, मेचीनगर तृतीय भए ।

नेपाली आकस्मिक वक्तृत्वकलातर्फ गोलधाप सनसाइन अंग्रेजी माध्यमिक विद्यालय, हल्दिबारीकी दिया पौडेल प्रथम, चन्द्रज्योति अंग्रेजी माध्यमिक विद्यालयका निरज पाठक द्वितीय तथा नमुना अंग्रेजी माध्यमिक विद्यालय, गौरादहकी अर्पणा सिटौला तृतीय भइन् ।

अंग्रेजी आकस्मिक वक्तृत्वकलातर्फ सेभेन सिज अंग्रेजी माध्यमिक विद्यालय, शिवसताक्षीकी आस्था लिम्बु प्रथम, जयपुर अंग्रेजी माध्यमिक विद्यालय, बुद्धशान्तिका प्रज्ञान रिजाउल द्वितीय तथा जसोदा अंग्रेजी माध्यमिक विद्यालय, हल्दिबारीकी श्रेयासा श्रेष्ठ तृतीय भइन् ।

जिल्ला स्तरीय प्रतियोगितामा हाजिरीजवाफतर्फ १५ विद्यालयका ३०, नेपाली आकस्मिक वक्तृत्वकलामा १५ तथा अंग्रेजी आकस्मिक वक्तृत्वकलामा १४ विद्यार्थी सहभागी भएका थिए । तीनवटै विधामा गरी ५९ विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगितामा सहभागी सबै विद्यार्थीलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । विद्यागत रूपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई मेडल, ट्रफी तथा प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो । अंग्रेजी विषयतर्फ टीका सुवेदी र गायत्री न्यौपाने तथा नेपालीतर्फ सूर्यप्रसाद अधिकारी र खगेन्द्र न्यौपाने निर्णायक थिए ।

प्याब्सन झापाले अतिरिक्त क्रियाकलापलाई शैक्षिक सिकाइको अभिन्न पक्षका रूपमा अघि बढाउँदै विद्यार्थीको ज्ञान, सिर्जनशीलता, प्रस्तुतिकरण क्षमता तथा प्रतिस्पर्धात्मक भावनाको विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

SHREE RATNA JEWELLERY
दमक, झापा
आजको सुनचाँदी बिक्री दर
मिति : 2083/05/25
छापावाला सुन प्रति तोला :3,06,300/-
चादी प्रति तोला :- 4870/-
दमक, झापा
9815996315

## पत्रकार काफ्लेको निधन

गाईघाट । नेपाल पत्रकार महासंघ उदयपुर जिल्ला शाखाका संस्थापक सचिव तथा पत्रकार बद्रीप्रसाद काफ्लेको बुधबार बिहान निधन भएको छ । त्रियुगा नगरपालिका-११, गाईघाटस्थित समता टोलमा रहेको आ“नै निवासमा उनको निधन भएको हो।

का“लेको निधनप्रति नेपाल पत्रकार महासंघ उदयपुरले दुःख व्यक्त गर्दै शोक वक्तव्य जारी गरेको छ । उनी २०४९ सालमा नेपाल पत्रकार महासंघ उदयपुर शाखा गठन हुँदा संस्थापक सचिवको जिम्मेवारी सम्हालेका थिए ।

## सामान्यज्ञान

१) पृथ्वीको केन्द्रबाट सबैभन्दा टाढा रहेको क्षेत्र कुन हो ?
उत्तर: चिम्बोराजो

२) हावापानी सम्बन्धि अध्ययन गराउने बिज्ञानलाई के भनिन्छ ?
उत्तर : क्लाईमेटोलोजी

३) घोडा दौडमा प्रथम हुनेलाई दिने पुरस्कार लाई चलनचल्तिमा के भनिन्छ ??
उत्तर : ब्लु रिबन

४) राज्यकालको सुरुमा आफ्नो ज्वाईलाई राज्य सुम्पी गुरुको पछि लाग्ने राजा को हुन ??
उत्तर : शिवदेव प्रथम

५) आलुको खेती बिस्वमा सर्वप्रथम कुन देशबाट सुरु भएको हो ?
उत्तर : चीन

६) अन्तरीक्षमा बसाईने प्रस्तावित सहर “ओल्गा“ का डिजाइनर डेनियल बदिनी कुन देशका नागरिक हुन ?
उत्तर : ईटली

७) बिस्वको सर्वोच्च टाकुरा सगरमाथाको उचाई २९०२८ फिट हो भनेर प्रमाणित गर्ने ब्यक्ती को हुन ?
उत्तर : राधानाथ सिकन्दर

८) भलिबलका जन्मदाता मार्गेड कुन देशका नागरिक हुन ?
उत्तर : अमेरिका

९) कुकुर जस्तै कराउने चरा सेरिमा बिस्वको कुन देशमा पाइन्छ ?
उत्तर : ब्राजिल

१०) “बिर्सिएको सहर“ भनेर ल्हासा लाई चिनिन्छ भने “हराएको सहर“ भनेर कसलाई चिनिन्छ ?
उत्तर : पेरु

११) एकापट्टी एउटा चित्र र अर्कोपट्टि अर्को चित्र अंकित राष्ट्रिय झन्डा भएको बिस्वको एकमात्र देश कुन हो ?
उत्तर : पाराग्वे

१२) बाहा पर्वलाई फूलको उत्सवको रुपमा मनाउने जाति कुन हो ?
उत्तर : सतार

## स्वास्थ्य रोचक

### कान छेड्दा आँखालाई फाइदा !

दमक/ पछिल्लो समय युवा पुस्ताले कान छेड्नुलाई फेसनकै रूपमा विकास गरेका छन् । पहिला गहना लगाउनका लागि नेपाली महिलाले कान छेड्ने गरेको भएपनि अहिले केटा केटी, महिला पुरूष सबैले कान छेड्ने गरेका छन् । कसैले रहरले कसैले करले कान छेडे पनि त्यसको स्वास्थ्यका लागि भने फाइदा पुऱ्याउने एक अध्ययनले देखाएका छ ।

कानको लोतीमा हुने एक प्वाइन्टका कारण मानिसको जीवनमा कानले तरंग पैदा गर्छ । कान छेड्दा प्राय त्यही प्वाइन्ट वरपर छेडिने भएकाले मानिसको मानसिक स्वास्थ्यसहित शारीरिक स्वास्थ्यका लागि पनि फाइदाजनक रहेको अध्ययनबाट पत्ता लागेको छ ।

कानको तल्लो भागमा दबाब पुग्ने हुँदा यसले तनाब कम गर्न सहयोग पुग्छ । कानको लोतीमा आउने दबाबले मस्तिष्कको समस्याबाट पनि बचाउँछ । मस्तिष्कको क्षमता विकास गर्न सहयोग गर्छ ।

आँखाको ज्योतिलाई सन्तुलित राख्न मद्दत पुऱ्याउँछ । कानको सूचक प्वाइन्टमा हुने दबाब पाचन प्रणालीसँग पनि जोडिएका भएकाले भोक लाग्ने तथा पाचन प्रणाली मजबुद हुने पाइएको छ । शरीर सुनिने र प्यारालाइसिस हुने जोखिम पनि कम हुने वैज्ञानिकहरूको भनाई छ ।


## प्रेरक भनाईहरु

१. खुसी त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जो अरूको खुसी देख्न चाहन्छ । - अज्ञात
२. आफैमाथि विजय गर्नु सबैभन्दा श्रेष्ठ र महानतम विजय हो । -प्लेटो
३. सानोतिनो असफलतामा जो डराउँछन्, उनीहरू जीवनभर मुकदर्शक बनिरहन्छन् । अज्ञात
४. समभदार व्यक्तिले सारसले जस्तै होशियारीपूर्वक काम गर्नुपर्छ । स्थान, समय र आफ्नो क्षमता बुझेर कार्य सम्पन्न गर्नुपर्छ । -चाणक्य
५. आफैलाई कमजोर सम्झनु सबैभन्दा ठूलो पाप हो - स्वामी विवेकानन्द
६. दृष्टिकोण एक समान्य कुरा हो तर, त्यसले धेरै ठूलो फरक पार्छ । -विस्टन चर्चिल
७. त्यस व्यक्तिको अटल साहसभन्दा धेरै प्रभावशारी केही पनि छैन, जो आफ्नो स्वतन्त्रता र सम्मानका लागि दुःख सहन अनि त्याग गर्न तयार छन् । -मार्टिन लूथर किंग
८. हामीले नयाँ परिस्थितीमा नयाँ सोंचका साथ काम गर्नुपर्छ । -अब्राहम लिंकन
९. उत्कृष्टता एक शतत प्रक्रिया हो, कुनै दुर्घटना होइन । अब्दुल कलाम
१०. हमीले भूतको बारेमा पछ्तो गर्नुहुन्न । भविष्यको बारेमा चिन्तित हुनुहुन्न । विवेकवान व्यक्ति सधै वर्तमानमा बाँच्ने गर्छन् । चाणक्य
११ वितेको दिनबाट सिक, आउनेवाला दिनप्रति लागि आशा राख । र, आजको लागि बाँच । अल्बर्ट आइस्टाइन
१२. जिन्दगी एक साइकल जस्तै हो । यदि त्यसलाई सन्तुलित बनाएर अगाडि बढाउने हो भने पाइडल मारिरहनुपर्नेछ । अल्बर्ट आइस्टाइन

## पुस्तक साभार



### नेपालको इतिहास र समाज अध्ययन




✍ डा. सूर्यमनि अधिकारी

### कान्तिपुर विजय

गतांकबाट...राजा जयप्रकाश मल्लले कान्तिपुर राज्यको रक्षा गर्न अनेक यत्न गरे तर सकेनन् । सिन्धुलीगढीमा अङ्ग्रेजहरु असफल भई भागेपछि जयप्रकाश मल्लका निमित्त कुनै उपाय शेष रहेन । उपत्यकाको चारैतिर गोर्खालीहरुले घेराबन्दी गरिसकेका थिए । तीन शहर नेपालका कान्तिपुर, ललितपुर र भक्तपुर शहर मात्र बाँकी थिए ।

जयप्रकाश मल्ल १८औँ शताब्दीका कान्तिपुर अर्थात् आजको काठमाडौंका अन्तिम मल्ल राजा थिए । उनी राजा जगज्जय मल्लका छोरा थिए र सन् १७३६ मा सिंहासनमा बसेका थिए । उनको शासनकाल भने सुरुदेखि नै दरबारभित्रको शक्ति संघर्ष र राजनीतिक अस्थिरताले भरिएको थियो । जयप्रकाश मल्लको जीवनी सन् १७३७ मा गोरखाका राजा नरभूपाल शाहले नुवाकोटमाथि आक्रमण गर्दा जयप्रकाश मल्लले गोरखाली सेनालाई पर ाजित गर्न सफल भए । तर केही वर्षपछि परिस्थिति बदलियो । पृथ्वीनारायण शाहले नुवाकोटमाथि पुनः आक्रमण गरे र सन् १७४४ मा नुवाकोट आफ्नो नियन्त्रणमा लिए । यही घटनापछि कान्तिपुर र गोरखाबीचको संघर्ष झन् तीव्र हुँदै गयो ।

**घटनाक्रम**

- राजनीतिक संघर्षकै बीच जयप्रकाश मल्ल सन् १७४६ मा सिंहासनबाट हटाइए र केही समय निर्वासनमा बिताउनुपऱ्यो । तर उनले आफ्नो राजगद्दी सजिलै छोडेनन् । ८८३० अप्रिल १७५० मा उनी पुनः कान्तिपुरको सिंहासनमा फर्किए र आफ्नो शासन पुनः सुरु गरे ।
- जयप्रकाश मल्ल केवल युद्ध र राजनीतिका राजा थिएनन् । उनी कला, संस्कृति, साहित्य र धार्मिक परम्पराका संरक्षक पनि थिए । काठमाडौंको मल्लकालीन सांस्कृतिक जीवन, जात्रा तथा दरबार संस्कृतिमा उनको महत्वपूर्ण भूमिका रहेको मानिन्छ ।
- उनी नेपाल भाषाको साहित्यप्रेमी शासकका रूपमा पनि चिनिन्छन् । उनको समयमा कान्तिपुर धार्मिक उत्सव, कला, वास्तुकला र सांस्कृतिक गतिविधिले निकै समृद्ध थियो । यही कारणले उनको विरासतलाई केवल राजनीतिक इतिहासबाट मात्र हेर्न मिल्दैन ।
- तर बाहिरबाट पृथ्वीनारायण शाहको शक्ति बढिरहेको थियो । गोरखाली सेनाले काठमाडौं उपत्यकालाई क्रमशः चारैतिरबाट दबाबमा पार्दै गयो । नुवाकोटपछि वरिपरि का रणनीतिक क्षेत्रहरु गुम्दै जाँदा कान्तिपुर झन् कमजोर बन्दै गयो ।
- अन्ततः सन् १७६८ मा पृथ्वीनारायण शाहको गोरखाली सेनाले कान्तिपुरमाथि निर्णायक आक्रमण गऱ्यो । त्यस समय जयप्रकाश मल्ल इन्द्रजात्राको अवसरमा कान्तिपुरमा थिए भन्ने ऐतिहासिक विवरण पाइन्छ । गोरखाली सेनाले अप्रत्याशित रूपमा आक्रमण गर्दा मल्ल शासनको अन्तिम अध्याय सुरु भयो ।
- आफ्नो राजधानी जोगाउन नसकेपछि जयप्रकाश मल्लले कान्तिपुर छोड्नुपऱ्यो । २५ सेप्टेम्बर १७६८ मा कान्तिपुरमाथिको उनको शासन अन्त्य भयो, र पृथ्वीनारायण शाहले काठमाडौंमा आफ्नो नियन्त्रण स्थापित गरे ।
- रुरुरुरु यस घटनासँगै काठमाडौंमा मल्ल राजाहरुको लामो राजनीतिक युग समाप्त भयो र पृथ्वीनारायण शाहको नेतृत्वमा नयाँ राजनीतिक शक्ति उदायो । पछि यही प्रक्रियाले आधुनिक नेपालको एकीकरणतर्फ महत्वपूर्ण आधार तयार गऱ्यो ।
- तर जयप्रकाश मल्ललाई केवल "पराजित राजा" भनेर सम्झनु अधुरो हुन्छ । उनको समयमा विकसित भएको काठमाडौंको कला, वास्तुकला, जात्रा, साहित्य र दरबार संस्कृति आज पनि उपत्यकाको सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा बनेर जीवित छ ।
- सबैभन्दा रोचक कुरा के भने–जयप्रकाश मल्लको पतनसँगै एउटा राजवंश मात्र ढलेन, काठमाडौं उपत्यकाको राजनीतिक इतिहास नै नयाँ मोडमा प्रवेश गऱ्यो ।८८ मल्लकालीन कान्तिपुरको अन्त्य र गोरखाली नेपालको उदय–यही घटनाले नेपालको इतिहासमा एउटा विशाल अध्याय बन्द गरेर अर्को अध्याय खोल्यो । क्रमशः...

## मनोरञ्जन

### चलचित्र गौथली ६० वर्ष माथिकाले नि:शुल्क हेर्न पाउने

दमक । नेपाली चलचित्र गौथली ६० वर्षभन्दा माथिका नागरिकले निःशुल्क हेर्न पाउने भएका छन् । भदौ १० देखि २१ गतेसम्म ज्येष्ठ नागरिकले खल्ती एपमार्फत टिकट काटेर चलचित्र हेर्न सक्नेछन् ।

टिकट काटेपछि त्यसको रकम खल्ती वालेटमै फिर्ता हुने निर्माणपक्षले जनाएको छ ।

रकम फिर्ताका लागि नागरिकता, 'गौथली'को पोस्टर पृष्ठभूमिमा देखिने गरी खिचिएको आ“नो तस्वीर र खल्तीमार्फत टिकट खरिद गरेको कारोबारको स्क्रिनसट पेस गर्नुपर्नेछ ।

निर्देशक डा. कपिल रिजालका अनुसार योग्य प्रयोगकर्ताको खरिद गरिएको कुल टिकट मूल्य बराबरको रकम सम्बन्धित खल्ती वालेटमा जम्मा गरिनेछ ।

अभियानका लागि खल्तीमा एक लाख रुपैयाँ अग्रिम रकम जम्मा गरिनेछ, जसबाट योग्य प्रयोगकर्तालाई टिकटको रकम फिर्ता गरिनेछ ।

यो अग्रिम रकम सकिएसम्म वा अभियानको अवधि समाप्त नभएसम्म, जुन पहिले हुन्छ, सोहीअनुसार रकम फिर्ताको प्रक्रिया अघि बढाइने निर्माणपक्षले जनाएको छ ।

अरूण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा रहेको 'गौथली' इतिहासकै दोस्रो सर्वाधिक कमाउने नेपाली चलचित्र बनेको छ ।

चलचित्र विकास बोर्डको सिनेमा बक्स अफिस रिपोर्टअनुसार चलचित्रले हालसम्म २५ करोड २२ लाख रुपैयाँ ग्रस कलेक्सन गरिसकेको छ।

डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको 'गौथली'मा अरूण क्षेत्री र सिम्रन खड्कासँगै मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायतका कलाकारको अभिनय छ ।

शिक्षाको महत्त्व र श्रीमान–श्रीमतीबीचको सम्बन्धलाई केन्द्रमा राखेर निर्माण गरिएको चलचित्रका निर्माता कपिल रिजाल र सुमन गिरी हुन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल भदौ २६ गते शुक्रबार 11 Sept. 2026 तिथि: औंसी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगानाः वयामपस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

- मेष (चु चे चो ला लि लु ले लो अ): पेट, आँखामा समस्या । सामान्य धन लाभ ।
- वृष (इ उ ए ओ वा वि वु वे वो): घरमा समस्या । अनावश्यक भ्रमण
- मिथुन (का कि कु घ ङ छ के को हा): पढाईलेखाईमा सफलता । परिश्रम गरे धन लाभ हुने ।
- कर्कट (हि हु हे हो डा डि डु डे डो): उत्तम खाना । सामान्य खर्च ।
- सिंह (मा मि मु मे मो टा टि टु टे): पूरुषार्थ बढ्ने । कार्यमा सफलता ।
- कन्या (टो प पि पु ष ण ठ पे पो): शारीरिक कष्ट । आयमा कमी ।
- तुला (रा री रु रे रो ता ती तु ते): कारोबारमा सफल । आफन्तको सहयोग ।
- वृश्चिक (तो ना नि नु ने नो या यि यु): बुबाको सहयोग । रोजगारीका अवसर आउने ।
- धनु (ये यो भा भी भु धा फा ढ भे): धर्ममा कर्म गर्ने दिन । सामान्य लाभ ।
- मकर (भो जा जी खि खु खे खो गा गी): कार्यमा अवरोध । अंगमा पीडा ।
- कुम्भ (गु गे गो सा सी सु से सो द): पारिवारिक सुख । वैदेशिक यात्रामा सुधार
- मीन (दि दु थ झ ञ दे दो चा ची): आर्थिक पक्षमा बृद्धि । मावलीको प्रगति ।



कुसे औंसीको पूर्वसन्ध्यामा तेह्रथुमको आठराई-२ खाम्लालुङ दोरपस्थित पूर्वज बालकृष्ण कालुपाध्याय खनालका दुई छोरा इच्छाराम र त्रिलोचनका १० पनाती, नातीले पितृ दाहसंस्कार गरेको पवित्र स्थान कोया खोलाको घाटमा पितृ मोक्षको कामनासहित तर्पण कार्य सम्पन्न गरेका छन् ।

# कनकाईंमा बीपी जयन्तीमा विचार गोष्ठी

**कन्काई**/ बीपी जयन्तीका अवसरमा नेपाली कांग्रेस कनकाई नगर समितिले पनि विचार गोष्ठी आयोजना गरेको छ । कनकाई-५ स्थित बीपी वनबाटिकामा रहेको बीपी कोइरालाको शालिकमा माल्यार्पणपछि विचार गोष्ठी गरिएको हो । कोशी प्रदेशसभा सदस्य लख्खीदेवी गणेशको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा गोपाल उप्रेती, खगेश्वर उप्रेती, एकराज उप्रेती र कविता बस्नेतलगायतले धारणा राखे ।

कार्यक्रममा कांग्रेस कनकाई नगर सभापति दुर्गाप्रसाद प्रसाईंले स्वागत गर्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए। सञ्चालन दीपक खतिवडाले गरेका थिए ।

**गौरादहमा ९० वर्षमाथिका चार प्रजातान्त्रिक योद्धा सम्मानित**

बीपी जयन्तीको अवसरमा गिरिजाप्रसाद कोइराला स्मृति प्रतिष्ठान गौरादहले ९० वर्षभन्दा माथिका चार अग्रज प्रजातान्त्रिक योद्धालाई उनीहरूकै निवासमा पुगेर सम्मान गरेको छ ।

प्रतिष्ठानले कमल गाउँपालिका-२ का ९३ वर्षीय खड्गबहादुर ढुंगाना, शिवसताक्षी नगरपालिका-११ दूधेका ९३ वर्षीय देउकुमार राई, बिर्तामोड-३ बिर्ताबजारका ९१ वर्षीय डिल्लीप्रसाद सिटौला र बिर्तामोड-३ आदर्श टोलका ९६ वर्षीय कृष्णबहादुर दाहाललाई सम्मान गरेको हो । राणाशासनको अन्त्यपछिको राजनीतिक संक्रमणदेखि पञ्चायती व्यवस्था, भूमिगत राजनीतिक संघर्ष, जनमतसंग्रह, सत्याग्रह र २०४६ सालको जनआन्दोलन हुँदै बहुदलीय लोकतन्त्र स्थापनासम्मका विभिन्न राजनीतिक आन्दोलनमा उनीहरूको योगदान रहेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका अध्यक्ष उत्तम चम्लागाईंको नेतृत्वमा गएको टोलीले उनीहरूलाई निवासमै पुगेर सम्मान गरेको प्रतिष्ठानका सदस्य राजेन्द्र गौतमले जानकारी दिए ।

**तीन...**प्रहरीका अनुसार भारतका सीमावर्ती बजारबाट लागूऔषध खरिद गरी झापाका विभिन्न बजार हुँदै अन्य जिल्लासम्म पुर्‍याउने प्रयास हुने गरेको छ । यस क्रममा निजी सवारीसाधन, साइकलदेखि पैदल यात्रुसम्म प्रयोग हुने गरेका छन् । २०८० मा मेचीनगरको मेची पुलमा साइकलको ह्यान्डलभित्र ब्राउन सुगर लुकाएर ल्याउँदै गरेका दुई जनासमेत पक्राउ परेका थिए ।

पछिल्लो समय लागूऔषध कारोबारीलाई पक्राउ गर्ने क्रममा प्रहरीले गोलीसमेत चलाउनुपरेका घटना छन् । २०८१ माघमा कनकाई-स्थित तुलसीबारीमा कारोबारीलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा एक भारतीय नागरिक घाइते भएका थिए । उनीहरूको साथबाट ३२ ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको थियो ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी रञ्जन अवालेका अनुसार लागूऔषध नियन्त्रणलाई पक्राउमा मात्र सीमित नराखी आपूर्तिको स्रोत, कारोबारीको सञ्जाल र सम्पर्कसम्म पुग्ने गरी अनुसन्धान अघि बढाइएको छ । खुला सीमाका कारण चुनौती रहे पनि सीमा क्षेत्रदेखि जिल्लाभित्रका बजारसम्म निगरानी र चेकजाँच बढाइएको उनले बताए ।

पछिल्ला घटनाक्रमले झापामा लागूऔषध समस्या सीमापार ओसारपसारको मात्र विषय नभई स्थानीय युवादेखि अन्तरजिल्ला र अन्तरदेशीय सञ्जालसम्म जोडिएको देखाउँछ । पक्राउ संख्या र बरामद परिमाण बढ्दै जाँदा अब प्रहरीका लागि चुनौती पक्राउको संख्या बढाउनु मात्र नभई भारतबाट आउने आपूर्तिको मूल स्रोत र त्यसपछि फैलिएको वितरण सञ्जालसम्म पुगेर कारोबारको जालो तोड्नु बनेको छ ।

***आज.....**विभिन्न पर्वमा श्रद्धालु पुग्ने गर्छन् । नदी तथा तीर्थस्थलमा स्नान गरी पितृको सम्झनामा तर्पण गर्ने धार्मिक विश्वासका कारण कुशे औंसीमा पनि यसको विशेष महत्त्व रहन्छ ।*

*सताक्षीधाम पनि झापाको प्रमुख धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्य हो । शिव मन्दिर, सताक्षी नदी र धार्मिक वन क्षेत्रका कारण यो क्षेत्र भक्तजन तथा तीर्थयात्रीको आकर्षणमा पर्दै आएको छ । यस्तै, जिल्लाका स्थानीय शिवालय तथा शक्तिपीठमा पनि श्रद्धालुले पूजा, दीप प्रज्वलन र पितृस्मरण गर्ने गर्छन् ।*

*कुशे औंसीमा घरमा वर्षभरि देव तथा पितृकार्यमा प्रयोग गरिने पवित्र वनस्पति कुश भित्र्याउने चलन छ । सनातन परम्परामा कुशलाई भगवान् विष्णुको प्रतीक मानिन्छ । स्नान, जप, होम, पूजा, श्राद्ध तथा तर्पणलगायत धार्मिक कार्यमा कुशको प्रयोग गरिन्छ ।*

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## अन्तर्राष्ट्रिय

# युद्धकै बीच इजरायलमा चुनाव

**एजेन्सी**/ इजरायलमा आगामी अक्टोबर २७ मा हुने नेसेट निर्वाचन युद्धकै बीच हुँदै छ । सन् १९८८ यता पहिलोपटक कुनै सरकारले चारवर्षे कार्यकाल पूरा गरेको अवस्थामा हुन लागेको निर्वाचनमा तीन वर्षदेखि जारी गाजा युद्ध नै प्रमुख चुनावी मुद्दा बन्ने देखिएको छ ।

निर्वाचनमा प्रधानमन्त्री बेन्जामिन नेतान्याहू नेतृत्वको लिकुड पार्टी र उसका दक्षिणपन्थी साझेदार एकातिर तथा विपक्षी गठबन्धन अर्कोतिर हुनेछन् । नेतान्याहूका सम्भावित बलिया प्रतिस्पर्धीका रूपमा पूर्वइजरायली सेना प्रमुख गादी आइजेनकोटलाई हेरिएको छ ।

नेतान्याहूले हमासविरुद्धको युद्धलाई इजरायलको अस्तित्व र सुरक्षासँग जोड्दै अन्तिम समयसम्म युद्ध जारी राख्ने पक्षमा मत माग्ने सम्भावना छ । उनी युद्ध नेतृत्वका कारण आफू राष्ट्रका लागि अपरिहार्य रहेको सन्देश मतदातामाझ लैजाने तयारीमा देखिन्छन् ।

६६ वर्षीय आइजेनकोट सन् २०१५ देखि २०१९ सम्म इजरायली प्रतिरक्षा बलका प्रमुख थिए । चार दशक लामो सैन्य अनुभव भएका उनले गाजा युद्धमा आफ्ना छोरा गुमाएका छन् । युद्धको प्रारम्भिक चरणमा नेतान्याहूको आपतकालीन सरकारमा सहभागी भए पनि रणनीतिक मतभेदपछि उनले राजीनामा गरेका थिए । अहिले उनी यासार पार्टीको नेतृत्वमा छन् ।

आइजेनकोटलाई नेतान्याहूभन्दा मध्यमार्गी मानिए पनि युद्ध अन्त्य, प्यालेस्टाइनी प्राधिकारसँगको सहकार्य, पश्चिम किनारा तथा लेबनान-सिरियाप्रतिको उनको स्पष्ट नीति अझै देखिएको छैन । त्यसैले उनी सत्तामा आए पनि इजरायलको सुरक्षा नीतिमा ठूलो परिवर्तन हुनेमा प्रश्न कायमै छ । युद्धको आर्थिक र मानवीय मूल्य भने चुनावको अर्को महत्वपूर्ण विषय बनेको छ । युद्धमा इजरायलतर्फ दुई हजारभन्दा बढीको मृत्यु र पाँच हजार चार सयभन्दा बढी घाइते भएको उल्लेख छ । युद्धका कारण इजरायलको अन्तर्राष्ट्रिय छवि पनि प्रभावित भएको छ ।

इजरायली मतदातामा युद्ध र सुरक्षाप्रतिको दृष्टिकोणले राजनीतिक ध्रुवीकरण बढाएको छ । करिब ८० प्रतिशत यहुदी र २० प्रतिशत अरब मूलका मतदाताको फरक राजनीतिक प्राथमिकताले पनि निर्वाचन परिणाम प्रभावित गर्नेछ ।

अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्पको भूमिकासमेत निर्वाचनमा महत्वपूर्ण हुने देखिन्छ । ट्रम्पको समर्थन कुन पक्षमा जान्छ र गाजामा हमासको पूर्ण अन्त्य वा कुनै सम्झौताको पक्षमा अमेरिका उभिन्छ भन्ने विषयले पनि इजरायली चुनावी राजनीतिलाई प्रभावित गर्न सक्छ । समग्रमा, युद्धकै बीच हुने निर्वाचनले नेतान्याहूको राजनीतिक भविष्य निर्धारण गर्ने भए पनि नयाँ जनादेशबाट तत्काल युद्ध अन्त्य र स्थायी शान्ति स्थापना हुने सम्भावना भने कमजोर देखिन्छ ।

# सुखानी मलामी विश्रामस्थललाई लागि ३० लाख बजेट

**अर्जुनधारा**/ झापाको अर्जुनधारा नगरपालिका-३ मा निर्माण हुन लागेको सुखानी आदिवासी जनजाति मलामी विश्रामस्थलका लागि कोशी प्रदेश सरकारले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । कोशी प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार कार्यालय, विराटनगरबाट उक्त योजनाका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन भएको हो । मंगलबार योजनाको कोशी प्रदेश सरकारका भौतिक पूर्वाधारसम्बन्धी मन्त्री चिन्तन पाठक, अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, कार्यपालिका सदस्य चन्द्रमाया तामाङ तथा पूर्वाधार विकास कार्यालयका प्राविधिक टोलीले स्थलगत निरीक्षण गरेको छ ।

स्थलगत निरीक्षणका क्रममा योजनाको निर्माणस्थल, आवश्यक पूर्वाधार तथा निर्माण कार्य अघि बढाउने विषयमा आवश्यक छलफल गरिएको जनाइएको छ । स्थानीय आदिवासी जनजाति समुदायका लागि मलामी विश्रामस्थल निर्माण भएपछि अन्त्येष्टि तथा संस्कारका क्रममा आवश्यक विश्राम र अन्य सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

## मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सूचना

उप्रान्त जिल्ला झापा गौरादह नगरपालिका वडा नं. ४ बस्ने श्रीकान्त धमलाको नाति देवी प्रसाद धमलाको छोरा ना.प्र.न. १५००/१९६७ मिति २०३९।१०।०७ ओखलढुङ्गको रङ्गलाल धमलाले निजको भाई प्रेम प्रसाद धमलाको मिति २०७९।०९।२८ मा मृत्यु भएको, मृतकको दुई पत्नीहरु रहेकोमा २०३३ साल अगावै निसन्तान अवस्थामा अन्यत्रै विवाह गरी गएका र मृतकको बाबु आमा समेत पहिला नै मृत्यु भईसकेको, मृतक भाई आफूसँग नै बसोवास गर्ने गरेकोले निज जीवित छँदा पालनपोषण र मृत्यु पश्चात काजकिरिया समेत आफ्लेनै गरेको हुँदा मृतक प्रेम प्रसाद धमला र मोहन कुमार धमलाको संयुक्त नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिल बमोजिमको जग्गाको मृतक ज.ध. प्रेम प्रसाद धमलाको हकहिस्सा मात्र आफ्नो नाममा नामसारी गरी पाऊँ भनी द.नं. ५०५५ मिति २०८१।०६।१५ मा निवेदन माग गरेकोमा हकदावी सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८१।०६।१६ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम निवेदकको भाई प्रेम प्रसाद धमला समेतको नाममा रहेको उल्लेखित जग्गाको मृतक ज.ध.को हकहिस्सा मात्र निवेदकको नाममा नामसारी गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

**तपशिल**

| जग्गा धनीको नाम थर | गा.वि.स. न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | हकहिस्सा नामसारी माग गर्ने | कै. |
|---|---|---|---|---|---|---|
| ज.ध. प्रेम प्रसाद धमला/ मोहन कुमार धमला<br>बाबु : देवी प्रसाद धमला /रङ्गलाल धमला<br>बाजे: श्रीकान्त धमला/ देवी प्रसाद धमला<br>ना.प्र.नं. ४२।१५०३<br>मिति: २०४४।१०।२१<br>ओखलढुङ्गा | गौरादह<br>गौरादह | ९<br>९ | ६०१<br>५९१ | ०-४-१५<br>०-५-५ | निवेदक: रङ्गलाल धमला<br>बाबु: देवी प्रसाद धमला<br>बाजे: श्रीकान्त धमला<br>ना.प्र.नं. १५००।१९६७<br>मिति: २०३९/१०/०४<br>ओखलढुङ्गा | |

*इति सम्वत् २०८१ साल असोज १६ गते रोज ४ शुभम्।*

## खेल समाचार

# ओमनमाथि नेपालको शानदार जीत, फाइनलमा प्रवेश

**एजेन्सी**/ मलेसियाको बायुमास क्रिकेट ओभलमा सम्पन्न एसीसी पुरुष प्रिमियर कपको पहिलो सेमिफाइनल खेलमा ओमानलाई ८७ रनको भारी अन्तरले पराजित गर्दै नेपाल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । नेपालले प्रस्तुत गरेको १४८ रनको सामान्य लक्ष्य पछ्याएको ओमान २८.१ ओभरमा मात्र ६० रन बनाउँदा अलआउट हुन पुग्यो ।

कम योगफल रक्षा गर्ने क्रममा नेपाली बलरहरूले असाधारण र कसिलो बलिङ प्रदर्शन गर्दै ओमानको ब्याटिङ लाइनअपलाई ध्वस्त पारेका थिए । सुरुआतदेखि नै दबाबमा परेको ओमानका कुनै पनि ब्याटरले टिकेर खेल्न सकेनन् । ओमानका ८ ब्याटरले दोहोरो अङ्कसमेत छुन सकेनन् । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४५.४ ओभरमा १४७ रन बनाएको थियो ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरीले ५१ रन र बसिर अहमदले ४७ रनको योगदान दिएका थिए । ओमानलाई ६० रनमै रोक्दै सानदार जित निकालेको नेपालले अब उपाधिका लागि युएईसँग खेल्नेछ ।

# कोशी क्रिकेट संघले फिर्ता गर्‍यो ६ लाख

**विराटनगर**/ कोशी प्रादेशिक क्रिकेट संघले प्रदेश खेलकुद विकास बोर्डलाई ६ लाख रुपैयाँ फिर्ता गरेको छ । अन्तर-प्रदेश क्रिकेट प्रतियोगिताको छनोट तथा तयारीका लागि २०८० सालमा लिएको रकम बेरुजु देखिएपछि संघले रकम फिर्ता गरेको हो ।

संघले भदौ १७ गते सामाजिक विकास मन्त्रालयको खातामा रकम जम्मा गरी बेरुजु फछ्र्यौट गर्न बोर्डमा निवेदन दिएको थियो । बोर्डले यसअघि खोटाङ जिल्ला खेलकुद समितिबाट असुल गर्नुपर्ने ८ लाख रुपैयाँसमेत असुल गरिसकेको जनाएको छ। तेह्रथुममा हिनामिना भएको २५ लाख रुपैयाँभन्दा बढी रकम असुल गर्न कानुनी प्रक्रिया अघि बढाइएको बोर्डले जनाएको छ ।

# केराबारीमा रक्तदान कार्यक्रम, ८४ पिन्ट रगत संकलन




**केराबारी**/ मोरङको केराबारीमा बिहीबार आयोजित खुला रक्तदान कार्यक्रममा ८४ पिन्ट रगत संकलन भएको छ । केराबारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शुभ खानेपानी उपभोक्ता तथा सरसफाइ समिति र मोरङ-सुनसरी सेवा समाज नेपालको संयुक्त आयोजनामा बिहीबार मच्छिन्द्र चोकमा रक्तदान कार्यक्रम गरिएको हो । कार्यक्रममा स्थानीयवासी तथा विभिन्न क्षेत्रका व्यक्तिहरूले रक्तदान गरेका थिए । संकलित रगत बिरामीको उपचारमा आवश्यक पर्ने रगत अभाव कम गर्न सहयोग पुग्ने आयोजकले जनाएको छ ।

रक्तदान कार्यक्रमलाई विराट मेडिकल कलेज टिचिङ अस्पताल, बुढीगंगा, मोरङले प्राविधिक सहयोग गरेको थियो । कार्यक्रममा रक्तदानको महत्वबारे जानकारी दिँदै नियमित रक्तदानले आकस्मिक अवस्थामा आवश्यक पर्ने रगतको आपूर्ति सहज बनाउन योगदान पुग्ने बताइएको थियो ।

आयोजक संस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको जनाएका छन् ।

***आत्महत्या....*** बढाउनुपर्नेमा जोड दिएको छ ।

दमकमाआत्महत्यासम्बन्धी छुट्टै पछिल्लो वर्षगत तथ्यांक सार्वजनिक रूपमा स्पष्ट उपलब्ध नभए पनि झापा जिल्लामा आत्महत्या गम्भीर सामाजिक तथा स्वास्थ्य चुनौतीका रूपमा देखिएको छ । जिल्ला प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ मा झापामा २२३ जनाले आत्महत्या गरेका थिए भने २०७७/७८ मा यो संख्या बढेर ३३४ पुगेको थियो । आर्थिक वर्ष २०७८/७९ मा ३११ जनाले आत्महत्या गरेको तथ्यांक सार्वजनिक भएको छ ।

राष्ट्रिय तथ्यांकले पनि समस्या गम्भीर रहेको देखाउँछ । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७९/८० मा ६ हजार ९०८ जनाले आत्महत्या गरेका थिए भने २०८०/८१ मा यो संख्या ७ हजार २२३ पुगेको थियो । २०८१/८२ मा भने ६ हजार ८६६ जनाले आत्महत्या गरेको तथ्यांक सार्वजनिक भएको छ ।

नेपाला आत्महत्याका घटना बढ्नुमा मानसिक स्वास्थ्य समस्या, सामाजिक तथा पारिवारिक दबाब, आर्थिक समस्या, हिंसा, एक्लोपनलगायत विभिन्न कारण जोडिने गरेका छन् । विशेषज्ञहरूले आत्महत्यालाई केवल व्यक्तिगत कमजोरीका रूपमा नहेरी सार्वजनिक स्वास्थ्यको विषयका रूपमा लिनुपर्नेमा जोड दिँदै आएका छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा विश्वभर अनुमानित ७ लाख २७ हजार मानिसको आत्महत्याबाट मृत्यु भएको थियो । आत्महत्या १५ देखि २९ वर्ष उमेर समूहमा मृत्युको तेस्रो प्रमुख कारण बनेको छ । विश्वका आत्महत्यामध्ये ७३ प्रतिशतभन्दा बढी न्यून तथा मध्यम आय भएका देशमा हुने गरेको ध्ज्इ ले जनाएको छ ।

ध्ज्इ का अनुसार आत्महत्या रोकथाम सम्भव छ । जोखिममा रहेका व्यक्तिलाई समयमै पहिचान गर्ने, परिवार तथा समुदायबाट सहयोग उपलब्ध गराउने, मानसिक स्वास्थ्य सेवामा पहुँच बढाउने र संकटका बेला तत्काल सहयोग पाउने व्यवस्था प्रभावकारी उपाय मानिन्छन् ।

यसै कारण दमकमा आयोजना गरिएको र्‍यालीलाई आत्महत्या रोकथामबारे समाजमा खुला संवादको वातावरण बनाउने प्रयासका रूपमा हेरिएको छ । विशेषगरी विद्यार्थी तथा युवामा मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन र समस्या पर्दा सहयोग माग्ने संस्कार विकास गर्न सके आत्महत्याका घटना न्यूनीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौ

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

*अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com